# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।२८ गते।

## प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू / सम्पादकज्यू,**

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट, सार्वजनिक सम्पत्ति हानिनोक्सानी र घुस/रिसवत गरी जम्मा-७ (सात) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०८।२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदाबी | बिशेष अदालतको फैसला र आधार | सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मनोजकुमार विकसमेत (वि.अ. को मु.नं. ०७६-CR-०३५५, वि.अ. को फैसला मिति २०७९।५।१९) | राजश्व चुहावट गरी भ्रष्टाचार गरेको। | क. मनोज कुमार वि.क. र सनद खतिवडाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क),(ख) र (घ) र दफा ३(१) बमोजिमको कसूरमा विगो रू. ५५,१०,५९६।३३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ज) बमोजिम सजाय गरी सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रू. ५५,१०,५९६।३३ को दोब्बर जरिवाना हुन मागदावी लिइएको।<br>ख. गङ्गावहादुर घिमिरे, लिलाबहादुर घिमिरे र दीपेन्द्रराज पाण्डेको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा उल्लेख भएबमोजिम ऐ ऐनको दफा ७ बमोजिमको कसूर गर्ने मतियारको कसूरमा ऐ ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भएबमोजिम सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम चुहावट गरेको राजस्वको बिगो रू. ५५,१०,५९६।३३ (पचपन्नलाख दशहजार पाँचसय छयानब्बे पैसा तेत्तीस) कायम गरी ऐ ऐनको दफा ३(१)(ज) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा | **फैसला**<br>• सबै प्रतिवादीहरुलाई सफाई।<br>**आधार**<br>क. प्रतिवादीहरू मनोजकुमार वि.क., सनद खतिवडा, गङ्गावहादुर घिमिरे, लिलाबहादुर घिमिरे र दीपेन्द्रराज पाण्डे आरोपित कसूरमा इन्कार रहेको।<br>ख. पैठारीकर्ता सागर एण्ड साधना विजनेस प्रा.लि.का सञ्चालक सह-प्रतिवादी लिलाबहादुर घिमिरे र गङ्गाबहादुर घिमिरेले मौकामा र अदालतमा बयान गर्दा प्रतिवादी मनोजकुमार वि.क. र सनद खतिवडासँग पूर्वचिनजान नभएको तथा निजहरूसँग कुनै मिलेमतोसमेत नभएको भनी बेहोरा लेखाएका छन् भने यी प्रतिवादीहरूले पनि मौकामा र अदालतमा वयान गर्दा पैठारीकर्तासँग चिनजान, भेटघाट, फोनसम्पर्क तथा मिलेमतो केही भएको छैन भनी भनेको; त्यसैगरी भन्सार एजेन्ट दीपेन्द्रराज पाण्डेले पनि कर्मचारीहरूसँग मिलेमतो गरी सामान जाँचपास गराएको हो भनी न त मौकामा न त अदालतमा बयान गरेको।<br>ग. राजश्व चुहावट मुद्दामा मनोजकुमार वि.क., सनद खतिवडालाई प्रतिवादी नबनाइएको तथा अन्य | क) प्रतिवादी लिलाबहादुर घिमिरे र गङ्गाबहादुर घिमिरेले मौकामा र अदालतमा बयान गर्दा प्रतिवादी मनोजकुमार वि.क. र सनद खतिवडासँग पूर्वचिनजान नभएको तथा निजहरूसँग कुनै मिलेमतोसमेत नभएको भनी बेहोरा लेखाएकै आधारमा प्रस्तुत वारदातमा निजहरूको संलग्नता नरहेको किटान गरेर भन्न मिल्न अवस्था रहँदैन।साथै उच्च अदालत, पाटनमा दायर राजश्व चुहावट मुद्दामा प्रतिवादी नबनाइएकै आधारमा पनि कोही निर्दोष रहेको अनुमान गर्न मिल्दैन।<br>ख) फैसलामा सफाइको आधार लिइएको नि नं ६०७५ मा अन्य कुराका अतिरिक्त के कस्तो लापरवाही र उदासीन कार्य गरी संस्थालाई हानि नोक्सानी पुऱ्यायो, के कुराको लापरवाही भयो, कस्तो बदनियत देखियो, के कस्तो काम कारवाहीबाट प्रतिवादीले जालसाजीपूर्ण कार्य भयो भन्ने कुरा देखिनुपर्छ भनेकोमा प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको मिलेमतोमा राजश्व रकम हानि नोक्सानी भएको पुष्टि भइरहेको छ।प्रतिवादीहरूको मिलेमतोमा कम राजश्व लिई राजश्व रकम हानि नोक्सानी भएको तथ्य सोसम्बन्धी अनुसन्धान गर्ने निकाय राजश्व अनुसन्धान विभागको अनुसन्धानबाट देखिएको छ।अनुमानको आधारमा अभियोग लगाएको नभई तथ्य प्रमाणसहित आरोपपत्र दायर भएको अवस्था छ।<br>ग) राजस्व चुहावटको कसूरमा मालवस्तुको भौतिक परीक्षणसहित अनुसन्धान गर्ने निकायले राजश्व अनुसन्धान विभाग हो।राजश्व अनुसन्धान विभाग हरिहर भवन ललितपुरबाट सागर एण्ड साधना विजिनेश प्रा.लि.का संचालक लिलाबहादुर घिमिरेको रोहवरमा मेची भन्सार कार्यालय, झापाको प्रज्ञापनपत्र दर्ता नं. M २८२४८ मा पत्रमा घोषित मालबस्तुहरूको भौतिक परीक्षण हुँदा स्पोर्ट्स जुत्ता १०८ जोर कम फेला परेको, पैठारीकर्ताले मालबस्तुको उत्पत्तिको मुलुक चीनमात्र घोषणा भएकोमा फ्ल्याट सोल जुत्ता र स्पोर्ट्स जुत्तामा उत्पत्तिको मुलुक इन्डोनेशिया, भियतनाम देखिई फरक परेको देखिएको, पैठारीकर्ताले पैठारी गरेको सामानहरू ट्र्याकसुट, हाफ टिसर्ट, ज्याकेट फ्लाट सोलजुत्ता, स्पोर्ट्स जुत्ता, पी क्यापको भन्सार विन्दुमा कुनै पनि नाम उल्लेख नगरेकोमा राजश्व अनुसन्धान विभागबाट भौतिक परीक्षण गर्दा ख्यातिप्राप्त ब्राण्ड रिबक, एडिडास, फिला, नर्थफेस, नाइकी, पुमा नामक मालबस्तु देखिएको र पैठारीकर्ताले घोषित मालबस्तु वर्गीकरण शीर्षक, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन मागदाबी लिइएको। | सहप्रतिवादीहरूउपर चलेको राजश्व चुहावट मुद्दामा निजहरूले सफाइ पाएको।<br>घ. मेची भन्सार कार्यालयका कार्यालय प्रमुखले बकपत्र गर्दा बरामद सामानहरू ख्यातिप्राप्त ब्राण्डका नरहेको लेखाएको; ब्राण्डेड सामानको आयातकर्ता आधिकारिक बिक्रेता हुनुपर्नेमा निजहरू आधिकारिक नरहेको र ती सामानहरू न्यून गुणस्तरका रहेका।<br>ङ. अशोक साहविरूद्ध नेपाल सरकार (नि नं ७८४८) र केशवप्रसाद थपलियासमेत विरूद्ध श्री ५ को सरकार (नि नं ६०७५) का आधारमा ठोस प्रमाण नरहेकाले प्रतिवादीहरूउपर कसूर कायम हुन नसक्ने। | उपशीर्षक फरक नपरे पनि प्रज्ञापनपत्रमा उल्लिखित मालबस्तुहरूको विवरण र परीक्षणको क्रममा फेला परेको यथार्थ विवरण निर्देशक आनन्द काफ्लेसमेतको प्रतिवेदनमा उल्लेख छ। निजको बकपत्रको जवाफमा अनुसन्धानको क्रममा तयार प्रतिवेदनसमेतका कागजातहरू सत्य रहेको भनी लेखाएका छन्।<br>घ. मेची भन्सार कार्यालयको प्रज्ञापनपत्र दर्ता नं. M २८२४८ मिति २०७५।७।१४ को प्रज्ञापन पत्रबाट भन्सार जाँचपास भएका मालबस्तु ट्र्याकसुट, हाफ भेष्ट, ज्याकेट, फ्ल्याट सोल जुत्ता, स्पोर्ट्स जुत्ता र पी-क्यापहरूको राजस्व अनुसन्धान विभाग हरिहरभवनबाट भौतिक परीक्षण गरी मूल्याङ्कन गर्दा उक्त मालवस्तुहरू अन्तर्राष्ट्रिय ख्याति प्राप्त ब्राण्डका भएको र ती मालवस्तुहरूको भन्सार मूल्य कायम गर्दा रिबक, एडिडास र फिला उल्लेख भएको चीनमा बनेको ट्र्याक सुटको मूल्य प्रतिसेट अमेरिकी डलर (USD) २६, रिबक हाफ भेष्ट उल्लेख भएको चीनमा बनेको प्रतिगोटा अमेरिकी डलर (USD) ९।९८, नर्थ फेस उल्लेख भएको चीनमा बनेको ज्याकेट प्रतिगोटा अमेरिकी डलर (USD) १८, नाईकी, फिला उल्लेख भएको चीन, इन्डोनेशिया र भियतनाममा बनेको फ्ल्याट सोल जुत्ता प्रतिजोडी अमेरिकी डलर (USD) १६।०३, नाईकी, एडिडास, फिला उल्लेख भएको चीन, इन्डोनेशिया र भियतनाममा बनेको स्पोर्टस जुत्ता प्रतिजोडी अमेरिकी डलर (USD) १६।०३ तथा रिबुक उल्लेख भएको भियतनाममा बनेको स्पोर्टस जुत्ता प्रतिजोडी अमेरिकी डलर (USD) १५।६३ र नाईकी, पुमा, नर्थफेस र रिबुक उल्लेख भएको चीन बनेको पी-क्याप प्रतिगोटा अमेरिकी डलर (USD) ३।२ तथा एडिडास उल्लेख भएको चीनमा बनेको पी-क्याप प्रतिगोटा अमेरिकी डलर (USD) ५।४५ पर्ने भनी राजस्व अनुसन्धान विभागबाट मूल्य कायम भएको देखिन्छ। राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले राजश्व अनुसन्धान विभागलाई राजश्व चुहावटको कसूरमा अनुसन्धान गर्ने कर्तव्य र अधिकार तोकिदिएको पाइन्छ। अनुसन्धानको क्रममा बरामद सामानको मूल्य कायम गर्ने अधिकार राजश्व अनुसन्धान विभागलाई नै रहेको छ। पैठारीकर्ताले उत्पत्तिको देश नै फरक पारी तथा पैठारी गरेको सामानहरूको नाम नै उल्लेख नगरी प्रज्ञापनपत्र पेश गरेकोमा राजश्व अनुसन्धान विभागबाट अनुसन्धानको क्रममा पैठारी भएका सामानहरूको भौतिक निरीक्षण गर्दा फेला पर्न गएको उत्पत्तिको देश र सामानको नामको आधारमा प्रचलित कानूनबमोजिम मूल्य निर्धारण गरी चुहावट भएको राजश्व रकम निर्धारण गर्ने कार्यमा कहाँ कसरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गल्ती कमजोरी भयो भन्ने विषय उल्लेख नै नगरी प्रतिवादीहरूलाई सफाई दिएको त्रुटिपूर्ण छ।<br>ङ. सागर एण्ड साधना विजेनेश प्रा.लि.का सञ्चालक लिलावहादुर घिमिरे, गङ्गावहादुर घिमिरे तथा निजहरूबाट नियुक्त भन्सार एजेन्ट दिपेन्द्रराज पाण्डेले प्रज्ञापनपत्र दर्ता नं. M २८२४८ बाट ढुवानी भएको मालबस्तु गैरजिम्मेवारीपूर्ण ढङ्गले मालवस्तुको चारित्रिक गुण, भौतिक विशेषता, गुणस्तर एवम् मालबस्तुको उत्पत्तिको मुलुकसमेत गलत घोषणा गरी न्यून मूल्य कायम गरी जाँचपास गराएको देखिएकोले ब्राण्ड र स्तरअनुसारको मूल्य कायम नगर्नु, गलत गन्तब्य स्थान प्रविष्टि गर्नु, कारोबार मूल्यभन्दा न्यून मूल्य घोषणा गरेकोले सागर एण्ड साधना विजिनेश प्रा.लि.का सञ्चालक लिलावहादुर घिमिरे, गङ्गाबहादुर घिमिरे र भन्सार एजेन्ट दिपेन्द्रराज पाण्डेले राजस्व चुहावट गरेको देखिन्छ।<br>च. मौकामा र अदालतमा बयान गर्दा प्रतिवादीहरू मनोजकुमार वि.क. र सनद खतिवडाले प्रस्तुत वारदातमा आफ्नो संलग्नता नरही नियमानुसार जाँचपास गरिएको भनी बयान गरे पनि सनद खतिवडाले मौकाको बयानमा स्वयम् कर निर्धारण पद्धतिअनुसार करदाता एवम् पैठारीकर्ताको घोषणालाई मान्यता दिई स्वयम्लाई जिम्मेवार बनाउन अधिकार प्राप्त अधिकारीको हस्तक्षेप कम गर्दै लैजाने नीतिअनुसार एवम् चीनबाट आयात हुने सामान अन्त्यन्तै ठूलो संख्यामा हुने भौतिक परीक्षणका लागि कुनै पनि प्रविधियुक्त स्क्यानरहरूको व्यवस्था नहुने र सबै सामानहरू भौतिकरूपमा एकएक गरी जाँच गर्ने समयको कारण असम्भव जस्तै हुने व्यवहारिक समस्याले केही प्रतिशतमात्र स्याम्पलिङ गरी जाँच गरिएको र फरक परेको कुरामा पैठारीकर्ता जिम्मेवार हुन्छन् भनी खुलाएका छन्। जबकि प्रज्ञापनपत्रमा सामानको नाम (ब्राण्ड) नै उल्लेख नभएकोमा भौतिकरूपमा हेर्दा सबै सामानहरूको नाम उल्लेख भएको र उत्पत्ति मुलुक नै फरक परेको अवस्थामा प्रतिवादीहरू मनोजकुमार विक र सनद् खतिवाडाले स्याम्पलिङ जाँच मात्र गर्दासमेत प्रज्ञापनपत्र र पैठारी गरिएका भौतिक सामान फरक छन् भन्ने स्पष्ट देखिने अवस्था विद्यमान रहेकोमा प्रतिवादीहरूले अभियोगबाट जोगिन सतहीरूपमा इन्कारी बयान गरेको र सोही इन्कारी बयानको यथार्थता, सत्य असत्यतर्फ विचार नै नगरी प्रतिवादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण छ।<br>छ. सामान आयातकर्ता सागर एण्ड साधना विजिनेश प्रा.लि. का संचालक गङ्गावहादुर घिमिरे र लिलाबहादुर घिमिरेले आयोगसमक्ष बयान गर्दा भन्सार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रज्ञापनपत्र नं. M २८२४८ को भन्सार प्रज्ञापन पत्रबमोजिमको सामानहरू चीनबाट पैठारी गरी चीनबाट Shipment भई मेची भन्सार कार्यालयमा आएको; जाँचपास प्रकृयाको लागि भन्सार एजेण्ट दिपेन्द्रराज पाण्डेलाई नियुक्त गरेका; नेपाल बङ्गलादेश बैंकको न्यूरोड शाखाबाट उक्त कम्पनीको बैंक खातामा टी.टी. मार्फत भुक्तानी गरेको हो। उक्त प्रज्ञापन पत्र दर्ता नं. अनुसारको मालवस्तु आयात गर्दा सम्पूर्ण प्रकृया पुरा गरेका र ती सामानहरू ख्यातिप्राप्त ब्राण्डको आधिकारीक उद्योगबाट उत्पादन नभएको; सामानहरूमा अलगअलग नाम भए पनि सबै सामान चीनको स्थानीय बजारबाट खरिद गरेको र महाबौद्ध, भूकुटी मण्डपसमेतमा बिक्री गर्ने, भन्सारको प्रकृयाअनुसार र उक्त सामानको गुणस्तरअनुसार कम्पनीले भन्सार तिरी ल्याएको; जेजस्ता ब्राण्डको नाम लेखिए पनि त्यसअनुसारको गुणस्तरका नरहेको भनी इन्कारी बयान गरेका देखिन्छ। गङ्गाबहादुर घिमिरे, लिलावहादुर घिमिरे तथा भन्सार एजेन्ट दिपेन्द्रराज पाण्डेले मालबस्तु चीनको स्थानीय बजारमा खरिद गरेको, सामानहरू न्यून गुणस्तरको भएको, मालबस्तुको उत्पति मुलुक चीन भएको, चीनबाटै Shipment भएकोले, महाबौद्ध भूकुटी मण्डपमा बिक्री गर्ने मालबस्तु हो र खरीद गर्दा लागेको रकम क बर्गको बैंकबाट कानून सम्मत पठाएको हुँदा मालबस्तु खरिद गर्दा तिरेको मूल्य नै भन्सार कार्यालयमा पेश गरी सोही अनुसारको राजस्व तिरेको, कर्मचारीहरूसंग कुनै मिलेमतो नगरेको भनी बयानमा लेखाएको भएतापनि निजहरूले पैठारी गरेको मालबस्तु राजस्व अनुसन्धान विभागबाट भौतिक परीक्षण हुदा प्राय सबै मालबस्तु ख्याति प्राप्त ब्राण्ड (रिबुक,एडिडास,फिला, पुमा, नाईकी समेत) भएको, पैठारी भई आएको मालबस्तु मध्ये फ्ल्याट सोल जुत्ताको उत्पत्तिको देश भियतनाम, ईन्डोनेशिया भएको देखिएको, स्पोर्टस जुत्ता १०८ जोर कम फेला परेको, आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम सोही ऐनको अनुसूचीको प्रकरण १८ मा पैठिकर्ताले पैठारी भई आएको मालबस्तुको स्पेशिफिकेशन स्पष्ट पारी पेश गर्नु पर्ने भन्ने भएको व्यवस्था विपरित प्रज्ञापन पत्र भरी भन्सार कार्यालयमा पेश गर्दा कुनै किसिसमको स्पेशिफिकेश नगरी मालबस्तुको नाम मात्र उल्लेख गरेको देखिदा निजहरू गङ्गावहादुर घिमिरे, लिलावहादुर घिमिरे र दिपेन्द्र राज पाण्डेले अन्तरराष्ट्रिय ख्याति प्राप्त ब्राण्डका मालवस्तु चीनबाट आयात गरी नेपाल सरकारलाई तिर्नु पर्ने राजस्व रकम न्यून तिर्ने मनसायले स्पष्ट अन्तरराष्ट्रिय ख्याति प्राप्त ब्राण्ड खुलेका मालवस्तु आयात गरेको भएतापनि मेची भन्सार कार्यालय झापाका मिति २०७५।०७।१४ गते |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मालवस्तुको भौतिक परीक्षणमा खटिएका कर्मचारीसंग मिलेमतो गरी आयात भएका मालवस्तुहरूमा ब्राण्ड उल्लेख नभएको देखाई न्यून राजस्व तिरेको देखिन्छ।<br>ज. राजस्व अनुसन्धान विभागबाट भौतिक परीक्षणको क्रममा मेची भन्सार कार्यालयको प्रज्ञापनपत्र दर्ता नं. M२८२४८ बाट भन्सार जाँचपास भएका मालबस्तु ट्र्याक सुट, हाफ भेष्ट, ज्याकेट, फ्ल्याट सोल जुत्ता, स्पोर्टस जुत्ता र पी-क्याप प्रायः सबै रिबुक, एडिडास, फिला, नर्थ फेस, नाईकी र पुमा जस्ता अन्तरराष्ट्रिय ख्याति प्राप्त ब्राण्डका भएका तथा केही प्ल्याट सोल जुत्ता र स्पोर्ट्स जुत्ताको उत्पतिको मुलुक ईन्डोनेशिया, भियतनाम देखिएकोले पैठारीकर्ता सागर एण्ड साधना विजिनेश प्रा.लि.का संचालकहरू लिलाबहादुर घिमिरे र गङ्गाबहादुर घिमिरे तथा भन्सार एजेन्ट दिपेन्द्र राज पाण्डेले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा ९ मा भएको व्यवस्था विपरीत एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर फरक पारी घोषणा गरेको र सोही घोषणाका आधारमा भन्सार कार्यालय मेचीबाट भौतिक परीक्षण पश्चात पनि गलत तरिकाले भन्सार जाँचपास गरेको देखिदा नेपाल सरकारलाई तिर्नु/बुझाउनु पर्ने राजस्व कम तिर्ने नियतले राजस्वको दायित्व कम हुने गरी र एउटा मुलुकमा बनेको सामानलाई अर्को मुलुकको भनी उत्पत्तिको मुलुक समेत फरक पारी मालवस्तुको चारित्रिक गुण, नाप, आकार जस्ता विवरण फरक पारी गलत घोषणा गरी वास्तविक रूपमा तिर्नु/बुझाउनु पर्ने राजस्व भन्दा न्यून राजस्व तिराई काठमाण्डौ तर्फ ल्याउदै गरेको अवस्थामा वरामद भएको देखिन्छ।<br>झ. ख्यातिप्राप्त ब्राण्ड उल्लेख भएका मालबस्तु आयत गर्ने आधिकारिक पैठारीकर्ता फर्म Roots Fashion Pvt. Ltd ले ब्राण्डेड मालबस्तु पैठारी गर्दा स्पष्टसँग उत्पत्तिको मुलुक, मालबस्तुको स्पेशिफिकेशन खुलाई पैठारी गर्ने गरेको र आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम सोही ऐनको अनुसूचीको प्रकरण १८ मा पनि पैठारीकर्ताले मालबस्तुको स्पेशिफिकेशन खुलाई भन्सार जाँचपासको लागि पेश गर्नु पर्ने भनी व्यवस्था गरेको देखिदा गोलमोटलमा सामानको नाम मात्र राखी भन्सार कार्यालय मेचीमा पेश गरेको र भन्सार कार्यालय मेचीका जिम्मेवार कर्मचारीहरूले प्रज्ञापन पत्र दर्ता नं. M २८२४८बाट भन्सार जाँचपास भएका मालबस्तु ट्र्याक सुट, हाफ भेष्ट, ज्याकेट, फ्ल्याट सोल जुत्ता, स्पोर्टस जुत्ता र पी-क्याप जस्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मालबस्तुको स्पेशिफिकेशन नलिई, प्राय सबै मालबस्तु ब्राण्डेड कम्पनिको लोगो (चिन्ह) स्पष्ट देखिने अबस्थामा चेकजाँच नै नगरी पैठारीकर्ता तथा भन्सार एजेन्टसंग मिलेमतो गरी देहाय बमोजिम जम्मा रू. ६५,४०,००६।३३ राजस्व रकम लिनु पर्नेमा न्यून मूल्याङ्कन गरी सोही आधारमा रू.१०,२९,४१०।- मात्र भन्सार महसुल र भ्याट लिएको देखाई भन्सार जाँचपास गरेको देखिन आएकोले आरोपीहरू सागर एण्ड साधना विजिनेश प्रा.लि.का संचालक लिला वहादुर घिमिरे, गङ्गा वहादुर घिमिरे तथा भन्सार एजेन्ट दिपेन्द्रराज पाण्डे, मिति २०७५।०७।१४ गते भन्सार विन्दुमा मालवस्तुको भौतिक परीक्षणका लगि खटिएका भन्सार अधिकृत मनोज कुमार वि.क. र जाँचकी ना.सु.सनद खतिवडाले एक आपसमा मिलेमतो गरी बदनियतपूर्वक भन्सार प्रज्ञापनपत्रमा मालवस्तुको गलत घोषणा गरी गराई वास्तविक तिर्नुपर्ने राजस्व नतिरी राजस्व चुहावट गरी/गराई मालवस्तु पैठारी गरेको पुष्टि भइरहेको देखिन्छ।<br>ञ. विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसला गर्दाको एउटा आधारमा मेची भन्सार कार्यालयका कार्यालय प्रमुख टेकबहादुर अर्यालले बकपत्र गर्दा बरामद सामानहरू ख्यातिप्राप्त ब्राण्डका नरहेको लेखाएको, ब्राण्डेड सामानको आयातकर्ता आधिकारिक बिक्रेता हुनुपर्नेमा निजहरू आधिकारिक बिक्रेता नरहेको भन्ने आधार लिएको देखिन्छ। बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्दा व्यक्तिले के बकपत्र गर्यो भन्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ। टेकबहादुर अर्यालले अनुसन्धानको क्रममा बयान गर्दा नै विवादित सामानहरूको भौतिक निरीक्षण मैले गरेको होइन, उक्त सामानहरूको भौतिक निरीक्षण (मालवस्तु जाँचपास) मा भन्सार अधिकृत मनोजकुमार विक र सनद् खतिवाडाले गरेका हुन् भन्ने खुलाएको देखिन्छ। यसरी मालवस्तु नै नदेखेका भन्सार अधिकृतको बकपत्र कसरी प्रमाणग्राह्य भयो र मालवस्तु नियन्त्रणमा लिई मालवस्तुको भौतिक जाँच गरी प्रतिवेदन दिने तथा सोही प्रतिवेदनबमोजिम अदालतमा बकपत्र गर्ने राजश्व अनुसन्धान विभागका निर्देशक आनन्द काफ्लेको प्रतिवेदन र बकपत्रलाई किन प्रमाणमा नलिने भन्ने कुराको कुनै उत्तर बेगर नै प्रतिवादीहरूलाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>ट. राजश्व अनुसन्धान कार्यालय ईँटहरीको पत्रसाथ मेची भन्सार कार्यालयको प्र.द.नं. M- २८२४८। ३१-१०-२०१८ (ई.स.) बाट पैठारीकर्ता सागर एण्ड साधना बिजिनेश प्रा.लि.को नाममा जाँचपास भै आएको मालबाहक ढुवानी साधन ना५ख ८३८५ ट्रकमा लोड मालबस्तुको राजश्व अनुसन्धान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विभागमा भौतिक परीक्षण गर्दा प्रज्ञापनपत्रबाट घोषणा भएको मालबस्तुमध्ये स्पोर्ट्स जुत्ता १०८ जोर कम फेला परेको, उत्पत्तिको मुलुक फरक परेको, पैठारीकर्ताले मालबस्तु पैठारी गर्दा भन्सार बिन्दुमा कुनै पनि नाम उल्लेख नगरेकोमा भौतिक परीक्षणका क्रममा ख्यातिप्राप्त ब्राण्ड रिबक, एडिडास, फिला, नर्थ फेस, नाइक, पुमा नाम भएको मालबस्तु देखिन आएको भनी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको र उक्त निरीक्षण प्रतिवेदनलाई प्रमाण ऐन, २०३१ को दफा १८ र २० बमोजिम प्रमाणमा लिई न्याय निरूपण गर्नुपर्नेमा उक्त प्रमाण अनदेखा गरी भएको फैसला बदरभागी छ। |
| २ | छेदिलाल साह सोनार (वि.अ. को मु.नं. ०७६-CR-०११५, वि.अ. को फैसला मिति २०७९।०२।०६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र. छेदिलाल साह सोनारः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.३,८०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | **फैसलाः**<br>निज प्रतिवादीलाई कसुरको मात्रा अनुसार छ महिना कैद र विगो बमोजिम रु.१,५०,०००।–जरिवाना हुने ठहर्छ। अन्यमा आरोपदावी पुग्न सक्दैन।<br><br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीले मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको,<br>• बरामदी रकम रु.८०,०००।- राज्यकोष वाट उपलव्ध गराएको हुँदा बरामदी मुचुल्का, बरामदी दशी उजूरी, उजूरीकर्ताको वकपत्र, श्रव्य-दृश्य सामाग्री प्रमाणवाट अपवर्जन हुने देखिन आएको,<br>• उजूरकर्ताले अदालत समक्ष उपस्थित भई वकपत्र गरेको देखिएन। उजूरकर्ताले अदालत समक्ष उपस्थित भई उजूरी व्यहोरा सनाखत नगरेको समेतका आधारमा प्रतिवादीले निजको हकमा रिसवत लिएको भन्ने दावी सो हदसम्म पुग्न सक्ने देखिएन। | • प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयान गरेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको हुँदा अन्य प्रमाण प्रमाणवाट अपवर्जन हुने भन्न नमिल्ने,<br>• प्रतिवादीले सेवाग्राहिसँग घुस/रिसवत स्वरुप जम्मा रू ३,८०,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• नबुझि नहुने साक्षीको रुपमा रहेको उजूरी निवेदकलाई नबुझि हतार हतारमा प्रतिवादीलाई आरोपमाग दावीवाट सफाई दिने मनसायले फैसला गरेको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ३ | लुद्र बहादुर के.सी. | घुस रिसवत | •प्र. लुद्र बहादुर के.सी. र राजेश | **<u>फैसलाः</u>** आरोपदावीबाट सफाई । | • प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित |

| | | | | | |
|---|---|---|---|---|---|
| | र राजेश बहादुर द्वाल (वि.अ. को मु.नं. ०७७-CR-००४५, वि.अ. को फैसला मिति २०७९।३।९ | लिई भ्रष्टाचार गरेको। | बहादुर द्वालः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१३,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा३(१)(क) बमोजिम सजाय हुन। | **<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• प्रतिवादीहरुले मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको,<br>• बरामदी रकम राज्यकोष वाट उपलव्ध गराएको हुँदा बरामदी मुचुल्का, बरामदी दशी उजूरी, उजूरीकर्ताको वकपत्र, श्रव्य-दृश्य सामाग्री प्रमाणवाट अपवर्जन हुने देखिन आयो,<br>• रिसवत कसूर हुनको लागि आवश्यक ओहदाको दुरुपयोग गरेको (Abuse of Authorit), अनुचित लाभ लिन मनसाग(Mala-fide intention) र अनुचित लाभ माग गरेको र स्वीकार गरेको(Solicitation) पुष्टि हुनुपर्ने,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसवापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम प्रयाप्त प्रमाणद्वारा पुष्टि हुनुपर्ने। | कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयान गरेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाहीबदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको हुँदा अन्य प्रमाण प्रमाणवाट अपवर्जन हुने भन्न नमिल्ने,<br>• रिसवत कसूर हुनको लागि आवश्यक Abuse of Authority, Mala-fide intention र Solicitation पुष्टि भएको,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको । |
| ४ | राम औतार चौधरी र रामप्रसाद राना (वि.अ. को मु.नं. ०७७-CR-०१०१, वि.अ. को फैसला मिति २०७९।०३।१०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र. राम औतार चौधरी र रामप्रसाद रानाः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो ८०,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(ग)बमोजिम सजाय हुन। | **<u>फैसला:</u>** आरोपदावीबाट सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• मिसिल संलग्न स्क्रिप्ट राइटिङ्गबाट घुस रकमकै विषयमा कुरा भएको भन्ने प्रष्ट देखिदैन,<br>• सर्वोच्च अदालतवाट ठाकुर बहादुर खत्री बिरुद्ध नेपाल सरकार भएको (०७६-cr-०००४) भ्रष्टाचार घुस रिसवत मुद्दामा बरामदी रकम नै गैर संवैधानिक भई विगो कायम गर्न | • उजूरकर्ता र निवेदक वीचको कुराकानीमा घुस रिसवत वापत रु.८०,०००।– माग गरेको देखिन आएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयान गरेको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नमिल्ने हुँदा विगो विनाको कसूर कानूनी रुपमा अपुरो हुने भएकोले टेलिफोन मोबाईल जस्ता अन्य स्वतन्त्र प्रमाणको पनि कानूनी दृष्टिकोणवाट कुनै महत्व हुने देखिएन भनी ब्याख्या भएको,<br>• प्रतिवादी राम औतार चौधरी मौका तथा अदालतमा आरोपीत कसूरमा ईन्कार रही वयान गरेको तथा प्रतिवादी रामप्रसाद रानाले मौकामा बरामद भएको रकम सहप्रतिवादीलाई दिनको लागि बुझिदिएको भनि लेखाएतापनि यी प्रतिवादीको मिलेमतो रहेको भन्ने देखिदैन,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसवापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम प्रयाप्त प्रमाणद्वारा पुष्टि हुनुपर्ने। | • प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको तथा भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• दुवै जना प्रतिवादीहरुले घुस वापत रकम माग गरेको स्क्रिप्ट राईटिङ्ग लगायतका प्रमाणवाट देखिनुका साथै स्वेच्छाले घुस वापत रकम माग गरेको र स्वेच्छाले लिएको सप्रमाण पुष्टी हुन आएको। |
| ५ | लाल कुमार झा, पवन कुमार महतौ र गेहुप्रसाद डगौरा (वि.अ. को मु.नं. ०७७-CR-०१०१, वि.अ. को फैसला मिति २०७९।०३।१०) | रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | •प्र.लाल कुमार झाः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा बिगो रु.२,५९,४८२।७३ कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१) र दफा ३(१)(घ)बमोजिम सजाय तथा ऐ.ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन।<br>•प्र. पवन कुमार महतौः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा बिगो रु.६३,२३०।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१) र दफा ३(१)(ग)बमोजिम सजाय तथा ऐ.ऐनको दफा १७ बमोजिम | <u>फैसलाः</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• विभिन्न शीर्षकको रकम प्रतिवादीहरुले हिनामिना गरेको भए विद्यालयको खातामा रकम मौज्दात रहेको देखिने थिएन,<br>• प्रतिवादीहरुको वयानमा पाठ्यपुस्तक खरिदवाट बचेको रकम निजी श्रोत शिक्षकलाई तलव खुवाएको भन्ने उल्लेख भएको,<br>• विद्यालयले गरेको खर्चका सम्बन्धमा सामाजिक लेखा परीक्षण समेत हुँदा | • विभिन्न शिर्षकको रकम प्रतिवादीहरुले दुरुपयोग भएको भन्ने स-प्रमाण पुष्टि भएको<br>• सर्वोच्च अदालतबाट“कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ। कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानिनोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने” भनी सिद्धान्त प्रतिपादन भएको,<br>• विद्यार्थीको संख्या वृद्धी गरी पुस्तक वितरण वापत प्राप्त रकम तथा अनुदान वापतको रकम बढी निकासा गराउनुका साथै सम्पूर्ण विद्यार्थिलाई नयाँ पुस्तक वितरण नगरी पुराना पुस्तक संकलन गरी वितरण गर्ने र त्यसवापत प्राप्त रकम समेत अनियमितता गरेको कुरा मिशिल संलग्न कागज प्रमाणवाट पुष्टि भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विगो असुल उपर हुन।<br>•प्र. गेहुप्रसाद डगौराः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा बिगो रु.२,१०,२५२।७३ कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१) र दफा ३(१)(घ)बमोजिम सजाय तथा ऐ.ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन। | कुनै प्रतिक्रिया जनाएको पाईएन,<br>• प्रतिवादीको ईन्कारी वयानलाई वादी पक्षले ठोस प्रमाण पेश गरी खण्डन गर्न सकेको पनि देखिन आएन। | • रकम हिनामिनामा प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयानलाई आधार वनाई सफाई दिएको। |
| ६ | सन्दिप पौडेल र बिक्रम बस्नेत (वि.अ. को मु.नं. ०७६-CR-०१५३, वि.अ. को फैसला मिति २०७९।०२।१३) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र.सन्दिप पौडेलःभ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो १,२०,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(घ)बमोजिम सजाय हुन।<br>•प्र. बिक्रम बस्नेतः भ्र.नि. ऐन, २०५९ को दफा ३(२) को कसुरमा बिगो १,२०,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(घ)बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** आरोपदावीबाट सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरुले मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको,<br>• बरामदी रकम राज्यकोष वाट उपलव्ध गराएको हुँदा बरामदी मुचुल्का, बरामदी दशी उजूरी, उजूरीकर्ताको वकपत्र, श्रव्य-दृश्य सामाग्री प्रमाणवाट अपवर्जन हुने देखिन आयो,<br>• रिसवत कसूर हुनको लागि ओहदाको दुरुपयोग गरेको (Abuse of Authority), अनुचित लाभ लिन मनसाय(Mala-fide intention) र अनुचित लाभ माग गरेको र स्वीकार गरेको(Solicitation) पुष्टि हुनुपर्ने,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसवापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम प्रयाप्त प्रमाणद्वारा पुष्टि हुनुपर्ने। | • प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयान गरेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाहीबदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको हुँदा अन्य प्रमाण प्रमाणवाट अपवर्जन हुने भन्न नमिल्ने,<br>• रिसवत कसूर हुनको लागि आवश्यक Abuse of Authority, Mala-fide intention र Solicitation पुष्टि भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको तथा भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनिय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादी सन्दिप पौडेलले घुस रिसवत वापत ३% ले हुन आउने रकम माग गरेको र उक्त रकम प्रतिवादी विक्रम वस्नेतलाई लिन लगाएको तथा प्रतिवादी विक्रम वस्नेतको साथवाट रकम बरामद भएको स्क्रिप्ट राईटिङ्ग लगायतका प्रमाणवाट देखिनुका साथै उक्त घुस रिसवत वापतको रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले लिइको स प्रमाण पुष्टी हुन आएको। |
| ७ | हरि प्रसाद चौधरी, बिशेश्वर प्रसाद | घुस रिसवत लिई) | •प्र. हरि प्रसाद चौधरी, बिशेश्वर प्रसाद साहु,आनन्दलाल प्रसाद साह, | **<u>फैसलाः</u>** आरोपदावीबाट सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका</u>** | • प्रतिवादीहरुको संलग्नता स-प्रमाण पुष्टि भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले कसूर ईन्कारी वयान गरेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | साहु,आनन्दलाल प्रसाद साह, कमल प्रसाद सिटौला र टंक प्रसाद ओझा (वि.अ. को मु.नं. ०७६-CR-००३८, वि.अ. को फैसला मिति २०७९।०२।४) | भ्रष्टाचार गरेको। | कमल प्रसाद सिटौलाः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो १५,००,०००।- कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(च)बमोजिम सजाय हुन।<br>• प्र. टंक प्रसाद ओझाः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा ऐ.ऐनको दफा २२ बमोजिम मतियारको कार्य गरेकोले बिगो १५,००,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(च)बमोजिम सजाय हुन। | आधार:<br>• प्रतिवादीहरुले मौकामा र अदालत समक्ष आरोपीत कसूरमा इन्कार रही वयान गरेको,<br>• बरामदी रकम राज्यकोष वाट उपलव्ध गराएको हुँदा सो प्रकृया बमोजिम सिर्जना गरिएका सबै प्रमाणहरु अपवर्जन हुने देखियो,<br>• प्रतिवादीहरुलाई Doctrine of entrapment को संरक्षण प्राप्त हुने अवस्था विद्यमान रहेको,<br>• प्रतिवादीहरुले मिसिल संलग्न सि.डि. घुस रकम माग गरिएको विषयसंग सम्बन्धित नभई निर्माण कार्यका विषयमा गरिएका कुराकानी रहेको भनी प्रश्न उठाएकोमा सो रेकर्डको आधिकारीकता र शुद्धाता (Authenticity and accuracy) पुष्टि नभएकोले सो रेकर्डलाई विश्वसनीय प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिएन,<br>• रिसवत कसूर हुनको लागि ओहदाको दुरुपयोग गरेको (Abuse of Authority) अनुचित लाभ लिने मनसाय (Mala-fide intention) र अनुचित लाभ माग गरेको र स्वीकार गरेको (Solicitation) पुष्टि हुनुपर्ने। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको हुँदा अन्य प्रमाण प्रमाणवाट अपवर्जन हुने भन्न नमिल्ने,<br>• Doctrine of entrapment मा विशेष गरी इन्ट्रापमेन्टमा प्रतिरक्षा प्राप्त हुन अपराधमा सरकारी प्रलोभनको प्रयोग भएको र अपराधिक आचरणमा संलग्न हुन प्रतिवादीको त्यस पूर्व आपराधिक कार्यमा संलग्न हुने प्रवृति नभएको हुनुपर्नेमा प्रस्तुत मुद्दामा सरकारी प्रलोभनको प्रयोग नभई प्रतिवादीहरुवाट नै घुस रसिवत सम्बन्धी कुराको सुरुवात भएको, भुक्तानीमा सहजीकरण गरिदिएवापत घुस/रिसवत उपलव्ध गराउनुपर्ने मनसायको वार्तालाप स्क्रिप्ट राईटिङ्गमा देखिएको हुँदा प्रतिरक्षा प्राप्त हुने अवस्था विद्यमान नरहेको,<br>• रिसवत कसूर हुनको लागि आवश्यक Abuse of Authority, Mala-fide intention र Solicitation पुष्टि भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको तथा भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनिय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• निवेदकले निवेदन साथ पेश गरेको सि.डि.रेकर्डको आधिकारीकता र शुद्धाता (Authenticity and accuracy) सम्बन्धमा निवेदकले आफ्नौ मोवाईलको प्रयोगगरी सृजना गरेको सि.डि.रेकर्डमा घुस रिसवत वापत रकम माग गरेको र वार्गेनिङ्ग गरेको प्रमाणलाई ओझेलमा पार्ने मनसायले मात्र आधिकारीकता र शुद्धाताका सम्बन्धमा प्रश्न उठाएको,<br>• "सि.डी. लगायत विद्युतीय माध्यमबाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन ।विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरूपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने" भन्ने सिद्धान्त प्रतिपादन भएको। |